मितिः २०८२/०३/२५

# लेख रचनाका लागि अनुरोध

आयोगको वार्षिक उत्सव (२०८२ असोज २७) को अवसरमा आयोगले संघीयता, वित्तीय संघीयता तथा अन्तरसरकारी वित्त हस्तान्तरण, प्राकृतिक स्रोतको उपयोग र बाँडफाँट लगायतका विषयका लेख रचनाहरु समावेश गरी स्मारिका प्रकाशन गर्न गइरहेको छ।

आयोगवाट प्रकाशन हुने उक्त "स्मारिका" मा लेख रचना प्रकाशन गराउन चाहने लेखक महानुभावहरूले मिति २०८२ श्रावण २५ गतेभित्र आयोगमा प्राप्त हुने गरी लेख-रचना पठाउनुहुन अनुरोध छ। लेख-रचनामा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछः

१. लेख रचनाहरु संघीयता, वित्तीय संघीयता र प्राकृतिक स्रोत सम्बद्ध विषय समावेश भएका मौलिक, खोजपूर्ण, विचार प्रधान तथा अनुसन्धानमूलक हुनुपर्नेछ।
२. लेख रचनाको सुरूमा सारांश, अन्त्यमा निष्कर्ष र लेखमा प्रयोग भएका सन्दर्भ सामग्रीहरूको सूची समेत संलग्न हुनुपर्नेछ।
३. लेख रचना न्यूनतम २५०० देखि बढीमा ४००० शब्दको हुनुपर्नेछ।
४. नेपाली भाषाको लेख रचना युनिकोडको कालिमाटी र अंग्रेजी भाषाको लेख रचना Times New Roman फन्टमा Soft Copy (Word File) आयोगको इमेल ठेगाना info@nnrfc.gov.np मा पठाउनुपर्नेछ।
५. स्मारिकामा प्रकाशनको लागि पठाइएका लेख रचनाहरू अन्यत्र प्रकाशन गर्न पाइनेछैन। यदि अन्यत्र प्रकाशन गर्नुपरेमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ।
६. लेख रचनाहरू स्वीकार गर्ने वा नगर्ने अधिकार आयोगमा रहनेछ।
७. लेख रचनामा लेखकको सम्पर्क नम्बर र इमेल ठेगाना समेत उल्लेख गर्नुपर्नेछ।

पुनश्चः प्रकाशित लेख रचनाका लागि नेपाल सरकारबाट निर्धारित मापदण्ड बमोजिमको रकम पारिश्रमिक स्वरूप उपलब्ध गराइनेछ।